हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १५६ पृष्ठ : ४ २०७७ पुस २३ गते विहीबार (Thursday 07 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## विद्यालयबाट घर फर्किदा हराएका युवक मृत अवस्थामा भेटिए

लहान । गोलबजार नगरपालिका-६ स्थित एक निजी विद्यालयबाट घर फर्किदा बाटैबाट हराएका भनिएका एक युवक २४ घण्टा नबित्दै मृत अवस्थामा बुधबार भेटिएका छन् । मृत फेला पर्ने युवक गोलबजार नगरपालिका-१२ बेतौना हरिपुरका १७ वर्षीय आनन्द सिंह रहेको प्रहरीले जनाएको छ । उनको शव गोलबजार नगरपालिका-६ डोहटिया जानकी इटाभट्टा नजिकै उखु रोपेको जग्गामा बुधबार करिब १०:३० बजे फेला परेको हो । उनी मंगलबार दिउँसो ३ बजेदेखि बेखबर थिए । प्रहरीका अनुसार मृतक सिंह सृजना बोर्डिङ्ग स्कुलमा कक्षा १० मा अध्ययरत थिए । उनी मंगलबार विद्यालयबाट परिक्षा दिएर बाहिरिएका थिए । स्थानीयले लडेको मृत्यु भएको जस्तो देखिएपछि प्रहरीलाई खबर गरेका थिए । स्कुलबाट फर्किदा हराएको खबर पाएपछि मृतकका बुबा किशोरकुमार सिंहले इलाका प्रहरी कार्यालय गोलबजारमा बिहिबार ९:३० हराएको भनेर निवेदन दिएका थिए । त्यसको केही समयपछि शव फेला परेको थियो । प्रहरीका अनुसार मृतकको शरिरमा चोटपटक, निलडाम देखिएको छैन् ।

विद्यालय पोशाकमै रहेका सिंहको शव फेला परेको स्थानमा उनले प्रयोग गर्ने साइकलसंगै त्यहाँ व्लेड र किटनाशक विषादी समेत फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटना शंस्कास्पद रहेको हुँदा अहिले केहि भन्न नसकिने जनाएका छ । पीडित पक्षको सहमतिमा बुधबार साँझ लहानस्थित राउ स्मारक अस्पतालमा शवलाई पोस्ट्मार्टका लागि ल्याइएको इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्रीले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।





## जलेर ८ वर्षीय बालकको मृत्यु

लहान । मिर्चैया नगरपालिका-७ मा बिहिबार आगलामीमा परेर ८ वर्षीय बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रसिद राइनको ८ वर्ष छोरा जाविर राईन रहेको प्रहरीले जनाएको छ ।

घरमा निदाएको बच्चालाई एक्लै छोडेर आमाबुबा बजार गएका थिए । घरमा बलिरहेको घुरबाट आगलागी भएको प्रहरीले जनाएको छ ।

प्रहरी र स्थानीयको सहयोगमा साँझ आगलागी नियन्त्रणमा लिएका छन् । ५ लाख बराबरको धनमाल क्षति भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**नेपाल रेडक्रस सोसाइटी लहान उपशाखा लहान, सिरहाले उपशाखा सभाको बार्षिक साधारण सभाको लागी आबद्ध यशस्कर, बिशिष्ट तथा आजिवन सदस्यहरुलाई अनुरोध छ कि निम्न मिति, समय र स्थानमा सहभागी भई कार्यक्रम सफल पार्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।**

**तपसिल**

**मिति : २०७७ पौष २९ गते वुधबार**

**समय : दिउँसो १२:३० बजे देखि**

**स्थान : उपशाखाको सभाहल (लहान अस्पताल कम्पाउण्ड भित्र)**

आयोजक
**ने.रे.सो. लहान**
उपशाखा लहान, सिरहा

## अभिभावक गुमाएका बच्चालाई कांग्रेस नेताले लिए पढाउने जिम्मा

लहान । लहान नगरपालिका-४ स्थित घर भएका दिपेन्द मरिकको मृत्युपछि उनको छोरा र श्रीमति बिच्चलीमा परेको जानकारी पाएपछि कांग्रेस नेता/नेतृ सहयोग गर्न पुगेका छन् । उनीहरूले मृतकको छोरालाई कक्षा १० सम्म निजी विद्यालयमा पढाउने जिम्मा लिएका छन् । कांग्रेस युवा नेता महेश चौधरी र नेपाल महिला संघकी केन्द्रिय सदस्य संगीता कर्माचार्यले मृतकका छोरा कृष्णा मरिकलाई पढाउने जिम्मा लिएका बताएका छन् । डोम समुदायको २ सय जनालाई श्राद्धको प्रसाद पनि ग्रहण गराउने उनले सुनाए ।








फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# प्रतिनिधिसभा पुनर्स्थापना गर्नुको विकल्प छैन

चिसो वर्तमान संविधान संविधानसभाबाट निर्मित जनताको नासो हो । जनचाहना अनुसार संविधानलाई समयानुकूल परिवर्तन गर्न सकिन्छ । यद्यपि सफल कार्यान्वयनमा नआउँदै यसको हत्या गर्न खोज्नु प्रधानमन्त्री केपी शर्मा ओलीको दुस्साहस हो ।

सार्वभौम नेपाली जनताले छानेको संविधानसभाबाट बनेको संविधान हो, जसको सन्तान यो पहिलो संसद थियो र छ । जसलाई ओलीले नेकपा पार्टी भित्रको आन्तरिक झगडाका कारणले भंग गरे । ओली पक्ष बाहेक देशका सबैजसो पार्टीहरू यसको बिरोधमा देखिन्छ, जुन स्वाभाविक हो । ओलीको असंवैधानिक कदम सच्याएर मात्रै मुलुकको राजनीतिक कोर्स अगाडि बढ्ने देखिन्छ । ओलीले संविधानमा संसद विघटन गर्न जुन धाराको साहारा लिइएको छ, उक्त धाराहरूमा संसद विघटन गर्न पाउने कही कतै उल्लेख छैन ।

संविधानमा बहुमत प्राप्त प्रधानमन्त्रीले मध्यावधि चुनावमा जाने कुनै त्यस्तो प्रावधान नै छैन । संविधानको धारा ७६ को उपधारा ७ मा संसद विघटन भन्ने पदावली उल्लेख भएतापनि वर्तमान सन्दर्भ त्यस्तो होइन । संविधानमा बहुमत, दुई वा दुई भन्दा बढी दल, अर्थात संविधानमा गरिएको प्रबन्ध बमोजिम कुनै पनि प्रकारले ३० दिन भित्र प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकेमा वा संयुक्त सरकार बन्न सक्ने पनि नदेखिएमा वा त्यसरी बनेको सरकारले पनि विश्वासको मत नपाएमा मात्रै प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी मिति घोषणा गर्न सक्ने व्यवस्था संविधानमा स्पष्ट उल्लेख छ ।

तर विडम्बना, ओलीको यो असंवैधानिक कदममा राष्ट्रपति विद्यादेवी भण्डारीबाट पनि उत्तिकै ठुलो त्रुटि भएको छ । सत्ता र शक्तिको उन्मादमा कार्यकारी प्रमुखले विवेक गुमाएर संविधानको पावन्दी नाघ्न पनि सक्छन् तर त्यस्तोबेला मुलुकको राजनीतिक दिशालाई मूल बाटो बाहिर जान नदिन राष्ट्रप्रमुखको अहम् भूमिका हुन्छ । जसमा राष्ट्रपति भण्डारी चुकेकि मात्रै होइन, ओली प्रशासनका चाहिदा नचाहिदा सबै निर्णयप्रति आँखा चिम्लिएको पाइन्छ । यसर्थ वर्तमान असंवैधानिक कदमको ओलीको मतियार राष्ट्रप्रमुख भण्डारी पनि बन्न पुगेकी छन् ।

मुलुक असल अभिभावक नपाउँदा देश राजनीतिक दुर्घटना र अस्थिरताको दलदलमा भासिएको छ । यसको निकास संसद पुनर्स्थापना नै हो । राष्ट्रपतिले विवेक नपुऱ्याएकैले यो विषय सर्वोच्च अदालतमा पुगेको हो । चाहे आन्दोलनको बलमा होस्, चाहे सर्वोच्च अदालतले बुद्धिमतापूर्ण निर्णय गरेर होस्, संसद पुनर्स्थापना गर्नुको विकल्प छैन ।

# प्रम केपी ओलीका कारण देश अँध्यारो सुरुङ्गमा



**उद्धव हमाल**

स्थायीत्व, समृद्धि र विकासका नाममा करिब दुई तिहाइ नजिक अर्थात ६४५ स्थान हासिल गरेको नेकपा सरकार अन्तत : प्रम केपी ओलीले संसद विघटन गरेपछि मुलुक राजनीतिक अस्थिरता र गैरसंवैधानिक कदमको शिकार भएको छ ।

पार्टी भित्रको आन्तरिक विवाद व्यवस्थापन गर्न नसकेर सिङ्गो देशलाई राजनीतिक अन्योल र प्रतिगमनलाई खुला आमन्त्रण गर्ने ओली उपर्युक्त धुन्धुकारी कदम असंवैधानिक, भर्त्सनायोग्य एवम् निन्दनीय छ । यतिखेर उनले चुनावको राग ओकल्नु आफैमा बेमौसमी बाजा जस्तै हो, हिन्दु वरबधुले भदौमा विहे गर्ने साइत जुराए जस्तै हो ।

विश्वभरी अनि हाम्रो देश कोरोनाले आक्रान्त छ, अर्थतन्त्र थिलथिलो भएको छ । बजेट घाटा पूर्ति गर्न ३ खर्ब वैदेशिक सहायता र २ खर्ब बढी आन्तरिक ऋण लिनुपर्ने बाध्यता छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, नेकपा प्रचण्ड–माधव, जसपा लगायतका पार्टीहरू सडकमा छन् । अनि चुनाव कसरी संभव छ ? यो त ओलीको चुनाव नगराउने बरू सत्ता लम्याउने र टिकाउने खेल हो, जुन असंभवप्राय छ ।

संविधानको धारा ७६ को उपदफा १ बहुमतको सरकार गठन, संविधानको धारा ७६ (२) दुई वा दुई भन्दा बढी दल, ७६(३) संसदमा ठुलो दल, ७६(४) संसदमा कुनै पनि एक सदस्यले बहुमतको दाबी गरेमा ३० दिन भित्र बहुमत जुटाउन नसकेमा मात्रै ७६(६) बमोजिम संसद विघटन गर्न सक्ने संविधानमा प्रष्ट व्यवस्था छ ।

२०४७ को संविधान जस्तो धारा ५३(४) मा बहुमतको प्रमले कारण देखाइ संसद विघटन गर्न पाउने सुविधा वर्तमान संविधानले दिएको छैन । संविधानसभाबाट निर्मित यो संविधानले राजनीतिक स्थिरताका लागि सुधारिएको संसदीय व्यवस्थाको परिकल्पना गरेकोछ । जसमा २ वर्षसम्म अविश्वास प्रस्ताव गर्न पाइदैन, बहुमतको प्रमले संसद विघटन गर्न पाउदैनन् । संविधानमा हुँदै नभएको धारा प्रयोग गर्नु भनेको सामान्यतया खुट्टि खोलाको धारा लहानका जनताको घर घरमा छ भनेर भन्नू सरह हो । यस्तो झुठ, जाली, दिउसै रात पार्ने प्रधानमन्त्री ओली नेपाली जनताका अभिशाप हुन् । उनको बालहठ, जिद्दीपन र आफ्नै सहकर्मी पूर्व प्रधानमन्त्रीहरू क.प्रचण्ड, क.माधव, क.झलनाथको कुरो नसुन्ने एककाठे ऊनी र उनका कुनै पनि अभिव्यक्ति नेपाली जनताका लागि विश्वसनीय आधार छैन ।

घरघरमा ग्यास पाइप, पानीजहाजको टिकट काट्न तैयार रहनु भन्ने झुठ, चुच्चे नक्शा सार्वभौम संसदबाट पारित भइसकेपछि कार्यान्वयन गर्न नदिनु, पाठ्यपुस्तकमा छापिएपछि वितरणमा रोक लगाउनु, पाठ्यक्रम विकास केन्द्रले लागू गरेको कक्षा ११ र १२ को पाठ्यक्रम मन्त्रीपरिषदको निर्णयबाट रोक लगाउनु, यतिखेर सर्वोच्च अदालतमा उक्त मुद्दा विचाराधीन रहनुले शिक्षामा देशभर अन्योल सिर्जना गर्नु, कंचनपुर जिल्लाको सीमा क्षेत्रमा गोली प्रहारबाट नेपाली नागरिक घाइते हुँदा चु.बोल्न नसक्नु, भर्खरै महाकाली बाध एकतर्फी बाधदा नबोल्नु ओलीको राष्ट्रघात र आत्मसमर्पणवाद हो ।

रअ प्रमुख सामन्त गोयल परराष्ट्र मन्त्रालयलाई विना जानकारी रातारात आउनु, सेनाप्रमुख मनोज मुकुन्द नरवणेले मानार्थ महारथीको फुली लगाउनु, भाजपा विदेश प्रमुख चौथावाइ सुटुक्क आउनु र ओलीलाई मात्रै भेटेर जानुले उनको पार्टी नेकपा भित्र भुसको आगो सल्केकै हो । आगो लागेर धुवाँ निस्केपछि उनले पार्टीको सहकर्मी कमरेडहरूलाई जानकारी नदिनु अपारदर्शी र रहस्यमय थियो ।

घर झगडामा घरमा आगो लगाएर खरानीको न्यानो ताप्ने कामरेडहरूको गल्तीले सारा नेपाली जनताले यतिखेर ठुलो दुःख पाएको हो, जुन जोगी आए पनि काने चिरेको उखान चरितार्थ भएको हो । । यसमा एमसीसी संसदबाट पास हुन नदिएको बाहाना पनि जोडिएको हो । अझ पार्टी सल्लाह बिपरित गुठि विधेयक, पार्टी विभाजन विधेयक, संवैधानिक परिषद विधेयक अध्यादेश मार्फत ल्याएर उनले पार्टी फुटाउने चाहाना २०७७ बैशाख ८ गते नै राखिसकेका थिए, जुन घटनाक्रमले अहिले प्रष्ट पारेको प्रतीत हुन्छ ।

संसारमा हुने छलफल, छलकारी, दलाली, सम्झौता र बिरोधबाट जन्मने, सम्भव हुने दस्तावेज भनेको यही त्रुटिपूर्ण संविधान नै हो, जसलाई प्रणाली र पद्धतिमार्फत सच्याउँदै लाने हो । यसले नै जतिसुकै तीतो परिवर्तनलाई पनि स्वीकार्य र सहज बनाउँछ ।

छलफल, वादविवाद र जनताले दिएको संविधानप्रदत्त मतदान समस्या समाधानको माध्यम बन्छ । यसले बाध्यकारी होइन, मतदानबाट क्रमशः परिवर्तन ल्याउछ, जुन सहज र बहुजनलाई स्वीकार्य हुन्छ । यसले नै नेतृत्वको विकल्प दिन्छ, प्रणालीमा सुधार ल्याउछ । किनभने यो सार्बभौमसत्ता सम्पन्न नेपाली जनताले छानेको संविधानसभाबाट बनेको संविधान हो, जसको सन्तान यो पहिलो संसद थियो र छ, जसलाई ओलीले बाल्यावस्थामा नै घाटि निमोठे, भंग गरे । उक्त असंवैधानिक कदम नसच्चिए मुलुक सधै अस्थिरता र वैदेशिक परेडको अखाडा बन्नेछ ।

२०६२/६३ को जनआन्दोलनपछि भावी पुस्ताले अब कहिल्यै आन्दोलन गर्नुपर्ने छैन भनेर गिरिजा प्रसाद कोइरालाले रत्नपार्कको कुनामा भनेका थिए । दुर्भाग्य, फेरि आन्दोलन गर्नुपर्ने बेला आएको छ । हाम्रो पुस्ताले सधैं प्रतिगमन, सर्वसत्तावाद, निरंकुशता, अधिनायकवाद, भ्रष्टाचार, असंवैधानिक कदम, बेथिति विरूद्ध आन्दोलन गरिरहनु पर्ने हो भने सुखी नेपाली र समृद्ध नेपाल कहिले बन्ने हो ? ओली बा उत्तर चाहियो । लाखौं लाख युवाहरु खाडि मुलुकमा पसिना बगाउँन बाध्य छन्, तिनीहरूले स्वदेशमा कहिले रोजगारी पाउने लुछाचुडि र सत्ताको छिनाझिप्टिबाट मुलुकलाई जोगाउने जिम्मेवारी नियतिले फेरि युवा पुस्तालाई दिएको छ । चुनाव पनि नहुने, संसद पनि नरहने यस्तो अँध्यारो सुरूङ्मा फसेको मुलुकलाई जोगाउन आन्दोलन गर्नुको अर्को विकल्प छैन । झिनो आशा न्यायालयको पनि तर अध्यारोमा एउटा मधुरो बत्ती जस्तो मात्र । अस्तु ।

# विद्युत महसुल नतिर्ने लहानका १९ ग्राहकको लाइन काटियो

**लहान** । नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र लहानले लामो समयदेखि महसुल नबुझाउने १९ ग्राहकको विद्युत लाइन काटेको छ ।

विद्युत प्राधिकरण वितरण केन्द्र लहानका प्रमुख जितेन्द्रकुमार यादवका अनुसार पटक–पटक विद्युत महसुल बुझाउन ताकेदा गर्दा समेत लामो समयसम्म महसुल नबुझाई अटेर गर्ने ग्राहकको लगत तयार गरी विद्युत लाइन काट्न सुरू गरिएको हो । पहिलो चरणमा ५० हजार रूपैयाँ भन्दा बढी महसुल बक्यौता भएका ग्राहकको विद्युत लाइन काट्न सुरु गरेको दुई दिनभित्र १३ ग्राहकको लाइन काटिएको र थप ग्राहकहरूको विद्युत लाइन काट्ने काम भइरहेको प्रमुख यादवले जानकारी दिए । लामो समयदेखि ग्राहकले विद्युत महसुल नतिर्दा प्राधिकरणले ३० करोड १६ लाख ३७ हजार २ सय ७ रूपैयाँ बक्यौता असुल्न बाँकी रहेको विद्युत प्राधिकरण वितरण केन्द्र लहानले जनाएको छ । गार्हस्थ्य मिटरतर्फ १९ करोड १४ लाख ५१६, व्यापारिक मिटरतर्फ ९९ लाख ७१ हजार ४३९, गैरव्यापारिक मिटरतर्फ एक करोड ५८ लाख र औद्योगिक मिटरतर्फ चार करोड २६ लाख ३८ हजार ८३५ रूपैयाँ बक्यौता रकम उठाउन बाँकी रहेको प्रमुख यादवले जानकारी दिए ।

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आँटेको काम पूरा हुनेछ ।

**वृष** :- आज मनपरेको खनेकुरा खान पाईनेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलतापनि सफलता पनि मिल्न सक्छ ।

**मिथुन**:- रोकिएका काम पुनः सुरु गर्ने योजना बन्न सक्छ । आर्थिक कारोवारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**कर्कट** :- धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ ।

**सिंह**:- आज भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । कला,साहित्य तथा संगीतमा रूचिपनि बढ्नेछ ।

**कन्या** :- पराक्रम र उत्साह बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**तुला** :- ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक कार्यको योजना बन्नेछ । भूमिबाट लाभ रहला ।

**वृश्चिक** :- सामान हराउने वा चोरी हुने सम्भावना छ । स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । साझेदारी काममा उल्झन आउनेछ । बन्न लागेको काम बिग्रिनेछ ।

**धनु** :- आज समाजसेवामा मन लाग्नेछ । नयाँ कामको योजना बन्नेछ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मकर**:- लक्ष्मी प्रसन्न हुने योगछ । महत्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक कार्यमा मन जानेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**कुम्भ**:- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न र हनेछ । घरमा अतिथीको आगमन हुनसक्छ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**मिन** :- आज सहकर्मीबाट विरोध आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्चसमेत बढ्ने योग छ ।

# अधिकारीको स्मृतिमा विपन्न परिवारलाई राहत

**फिरोज शेख**

**लहान ।** लायन्स क्लब अफ लहान सिटिको आयोजनामा स्व. पिताम्बर अधिकारी(प्रितम) को स्मृतिको अवसरमा लहान–३ का अति विपन्न तथा गरिब परिवारलाई राहत सामग्री वितरण गरिएको छ ।

पिता भोलानाथ अधिकारी र माता लक्ष्मी अधिकारीको सपुत्र स्वर्गीय प्रितम अधिकीरीको जन्म सन् १९९० अगष्ट २३ मा भएको थियो । स्वर्गीय अधिकारी ओग्लेथोर्पे विश्वविद्यालय अमेरिकाका एरोस्पेष इन्जिनियरिङ्का विद्यार्थी थिए । उनको अल्प आयु २२ वर्षकै उमेरमा ५ जनवरी २०13 का दिन बल्ड क्यान्सरबाट निधन भएको थियो ।




उनकै सम्फनामा अधिकारी परिवारले विभिन्न ठाउँमा प्रत्येक वर्ष सेवामुखी कार्य गर्दै आएका छन् । सोही क्रममा मंगलबार ५ जनवरीका दिन लहान एभरेष्ट कलेजको प्राङ्गनमा लहान नगरपालिका– ३ का १० जना गरिब तथा अति विपन्न परिवारलाई अमेरिकामा नर्सिङ्ग पेशामा कार्यरत स्वर्गीय अधिकारीका दिदी इन्दिरा अधिकारीको आर्थिक सहयोगमा लायन्स क्लव अफ लहान सिटिले राहत सामग्री वितरण गरेको हो ।

लायन्स क्लब अफ लहान सिटिका अध्यक्ष सुदीपकुमार चौधरीको अध्यक्षता तथा लहान नगरपाकि–३ का वडाध्यक्ष राम दयाल महतोको प्रमुख आतिथ्यतामा सिताइ महतो, लरूवती महतो, शिबु दमाई, सुगन्धा देवी पासवान, जीवछीदेवी साह, डोमनीदेबी पासवान, भुलकीदेवी सदाय, बैजनाथ पासवान, कल्याण विश्वकर्मा र ललिता पासवान परिवार प्रतेक २५ किलोग्राबम चामल, दाल २ केजी, तोरीको तेल १ लिटर ,सोयाबिन १ केजी, नुन १ केजी, लुगाधुने साबुन ३ पिस,.नुहाउने साबुन ३ पिस राहत उपलब्ध गराएका हुन् ।

राहत वितरण कार्यक्रममा लायन्स क्लबका पुर्वअध्यक्ष चक्रपाणी दहाल, प्रथम उपाध्यक्ष संजयराज शर्मा ,सहसचिव ललितकुमार महतो, शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगमका संचालक फिरोज शेख, लहान एभरेष्ट कलेजकी संस्थापिका एवं अध्यक्ष सीता देवी शर्मा, संचारकर्मी रमिता नेपाल, एभरेष्ट कलेजमा आवद्ध रीमा शर्मा, सीमा अधिकारी, आश्मा अधिकारी र एला अधिकारीको उपस्तिथी रहेको थियो । कार्यक्रमको संयोजन लायन्स क्लबका पूर्वअध्यक्ष धरणीधर अधिकारीले गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |

## अर्नमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अर्नमा, सिरहा**
**प्रदेश नं. २, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**सूचना प्रकाशित मिति : २०७७।०९।२२**

**श्री यो जो जससँग सम्बन्ध राख्दछ ।**

उपर्यूक्त सम्बन्धमा जिल्ला सिरहा अर्नमा गाउँपालिकाको च.नं.६०४ मिति २०७७।०९।०६ को सूचनाको म्यादसम्म जग्गा दानको निवेदन नपरेकोले यस गाउँ कार्यपालिकाको निर्णय अनुसार तपसिल प्रयोजनको लागि पायक पर्ने स्थानमा जग्गाको अति आवश्यक भएकोले मुआव्जा लिई जग्गा बिक्रि गर्न चाहने इच्छुक नेपाली नागरिकले १५ दिन भित्र जग्गा उपलब्ध गराउन निवेदन साथ यस कार्यालयलाई जानकारी गराउन हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल :**

१. इलाका प्रहरी कार्यालय अर्नमा–३ को भवन निर्माण
२. गाउँपालिकाको कार्यालयको लागि
३. अर्नमा गाउँपालिकाको–२ नं.वडा कार्यालयको भवन निर्माण

प्रमुख प्रशासकिय अधिकृत

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# भान्सालाई अस्पताल र खानालाई औषधिको रूपमा प्रयोग गरौं

कोभिड १९ ले मानव शरीरलाई रोगसँग लड्न सक्ने रोग प्रतिरोधी क्षमता (इम्युनिटी पावर) लाई कमजोर बनाइदिन्छ । कोभिड(१९ले रोग प्रतिरोधी क्षमतालाई कमजोर मात्र बनाएको छैन, विश्वव्यापी खाद्य असुरक्षालाई समेत बढावा दिइरहेको छ। खाद्य विज्ञहरूले भनेका छन् । 'अस्वस्थ खानपानका कारणले एकातिर कुपोषण बढ्दै गएको छ भने अर्कोतिर आहारसँग सम्बन्धित बिरामीहरूको संख्या बढ्दो छ ।' यसले के जनाउँछ भने खानपिन र आहारमा औषधिकोजन्य गुणहरु एवं शरीरको रोगसँग लड्नसक्ने क्षमता बढाउन मद्धत पुऱ्याउने खालका खानेकुराहरु खानामा समावेश गर्न विश्वव्यापी रूपमा प्रचारप्रसार गर्ने र त्यसको उत्पादन र बजारीकरणमा लगानी गर्नुपर्ने आवश्यकता बढेको छ । प्रख्यात ग्रीस चिकित्सक हिप्पोक्रेट्सले खानालाई यसरी व्याख्या गरेका थिए – 'खाना तपाईंको औषधि होस् र औषधि तपाईंको खाना होस् ।' कोभिड(१९ महामारीले खानेकुराको विषयलाई विश्वभरिको छलफलको विषय बनाइदियो किनभने धेरै व्यक्तिहरूले मैले के खायो भने कोभिड(१९ को भाइरसविरूद्ध रोग प्रतिरोधी क्षमतामा वृद्धि हुन्छ स्वास्थ्यको लागि लाभदायक हुन्छ भनेर ध्यान दिइरहेका छन् । कोभिड–१९ को महामारीले कुनकुन देशहरु बढी आक्रान्त बने र तिनीहरूको खानपानको शैलीले पनि संक्रमण फैलिने कुरालाई प्रभावमा पार्छ भन्ने कुरा अनुसन्धानले पुष्टि गरिसकेपछि खानाको बारेमा थप बहसको थालनी भयो।हामीले खाने खाना अधिक पौष्टिक होस, उत्पादन गर्नलाई धेरै ठूलो प्रविधि नचाहियोस् र दुरदराजमा बसोबास गर्ने साना किसानहरूले समेत सजिलै उत्पादन गर्न सकून।यसलाई ध्यानमा राखेर बालीहरुको उत्पादन र बजारीकरणमा जोड दिने र हाम्रो खाना प्रणालीलाई पुनः सेट गर्नुपर्छ। खाद्य र पोषण यी दुई चिजलाई प्रयाप्त ध्यान दिनु जरूरी छ । विज्ञानले पुष्टि गरेको कुरा हो कि अधिक पौष्टिक र गुणस्तरीय भोजनमा औषधीय गुणहरु हुन्छन् जसले मानव स्वास्थ्यलाई रोगबाट बचाउन मद्धत गर्छ ।

कोभिड–१९ महामारीले हाम्रो खाद्य प्रणाली असफल भइरहेको छ।असफल खाद्य प्रणालीलाई सशक्त बनाउन विभिन्न तवरले काम गर्नुपर्छ । अब हामीले खेतीमा पुनर्विचार गर्नुपर्छ र पोषणयुक्त बालीहरू लगाउन अभियान सञ्चालन गर्नुपर्छ।पहिलो चरणमा त्यस प्रकारका खाद्य पदार्थहको परिचय र हरेक व्यक्तिको मनमा स्थापित गराउनुपर्छ । नेपालको सन्दर्भमा यो अझ बढी सान्दर्भिक छ । हाम्रोजस्तो खाद्यान्नमा परनिर्भर हुनुपर्ने मुलुकले आ ँनो मुलुकमा जीवन्त खाद्य प्रणाली व्यवस्थित गर्न सकोस् जसले जनताको स्वास्थ्यलाई राम्रो बनाओस्, रोगहरूको प्रतिरोध क्षमता बढाउन मद्धत गरोस् र मुलुक खाद्य परनिर्भरताको चपेटोमा पर्न नपरोस्। यस किसिमको रणनीति बनाउन कोभिड–१९ले सिर्जना गरिदिएको यो राम्रो अवसर हो ।

हाम्रो देशमा औषधीय गुण भएका स्वस्थ खानेकुरा छिटो र सस्तोमा उत्पादन गर्न सकिने प्रशस्त सम्भावनाहरू छन् । हाम्रो खानपानको शैलीले गर्दा ती बालीहरु ओझेलमा पर्दै गए र तिनीहरूको उत्पादन पनि कम हुँदै गयो । अनुसन्धान र विकासमा राज्यको ध्यान पनि पुगेन र हामी खाद्यान्नमा परनिर्भर हुँदै गयौं । नेपालको भू-परिवेश अनुरूप उत्पादन गर्न सकिने खाद्यान्न बालीहरूको राम्रो पहिचान गरेर ती बालीहरूको खेती गर्नु जरूरी छ । ऊवा, जौ, कोदो, फापर, चिनो कागुनो, जुनेलो उच्च पोषण र स्वास्थ्यलाई लाभ हुने बालीहरु हुन्।उत्पादन गर्न सकिने हिसाबले यी बालीहरू साना तथा मध्यमस्तरका किसानहरूका लागि उत्तम हुन् । हाम्रो शरीर र खानामा घनिष्ठ सम्बन्ध छ। हामीहरूले यसमा बढी ध्यान दिनु जरूरी छ र हामी सबै मिलेर खानाको विषयलाई एउटा



मुद्दाको रूपमा सामना गर्न प्रभावकारी नीतिहरु बनाउनु जरूरी छ ।स्वस्थ खानालाई बढावा दिनका लागि कृषि, स्वास्थ्य एवं खाद्य सरोकारवालाहरूबीच बहुक्षेत्र समन्वयलाई बढावा दिने नीति बनाउन नीति निर्माणकर्ताहरूको मानसिकता परिवर्तन हुनु जरूरी छ ।

हामीलाई थाहा छ कि राम्रो खाना भनेको लामो र स्वस्थ जीवनको महत्त्वपूर्ण चिज हो । बहुराष्ट्रिय संघसंस्थाहरु जस्तै यूरोपियन युनियन र विश्व स्वास्थ्य संगठनले राम्रो खानालाई सामाजिक जिम्मेवारी बनाउनका लागि काम गर्नुपर्दछ । संयुक्त राष्ट्रसंगको एउटा तथ्याङ्कले सन २०१९ मा करिब ६० लाख मानिसहरू अर्थात विश्वको आठ प्रतिशत जति जनसंख्या कुपोषित थियो। यो प्रवृत्ति जारी रहेमा आगामी वर्षहरूमा यो संख्या बढेर असी लाख भन्दा बढी हुनसक्छ। विश्व स्वास्थ्य संगठनका प्रमुख कार्यकारी निर्देशक गुटेरेसले भनेका छन् । देशहरूले खाद्यान्न र पोषण सेवालाई आवश्यक मापदण्ड बनाएर कार्यक्रम बनाउनुपर्छ, यस क्षेत्रमा काम गर्नेहरूका लागि संरक्षण गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्छ, खाद्यान्न आपूर्ति श्रृंखलालाई प्राथमिकता दिनुपर्छ र साना बच्चाहरु, गर्भवती र स्तनपान गराउने महिला, वृद्ध व्यक्ति र अन्य जोखिममा रहेका समूहहरूको सामाजिक सुरक्षालाई सुदृढ पार्नुपर्छ। उनले थप समावेशी र दिगो संसारको लागि खाद्य प्रणालीको रूपान्तरणको वकालत गरेका छन् । भान्सा भनेको घरको अस्पताल जस्तै हो । भान्सामा बनाइने खानाले हाम्रो स्वास्थ्यलाई निर्धारण गरेको हुन्छ । हामीले राम्रो खानालाई बढावा दिन आवश्यक छ। हामीले अहिले जे खाइरहेका छौं त्यसले हामीलाई हानि पुऱ्याइरहेको छ ।

(लेखक भण्डारी विभिन्न विकाससँग सम्बन्धित संघसंस्थाहरूमा विगत तीन दशकभन्दा बढी समयदेखि कार्यरत छन् । हाल उनी स्वीस कन्ट्याक नेपालमा वरिष्ठ सल्लाहकारको पदमा कार्यरत हुनुका साथै कृषि तथा वन विश्वविद्यालयमा एडजङ्कट प्रोफेसरको रूपमा आंशिक रूपमा कार्यरत हुन्छन् । यहाँ उल्लेखित विचारहरु लेखकका निजी विचारहरु हुन । )

*अनलाईनखबरबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

### *शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)